झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
५ नं. प्रदेश, नेपाल
मच्छी, प्यूठान

मिति: २०७५/०७/०५

प.स:२०७५/७६

सूचना च.न: ०२

## सूचना: झिमरुक गाउँपालिकाको Mobile App संचालन सम्बन्धमा।

बढ्दो प्रविधिको विकाससंगै सम्पूर्ण सेवाग्राहीमा सूचना प्रवाह गर्नु हामी सवैको दायित्व हो । यसलाई मध्यनजर गर्दै झिमरुक गाउँपालिकाले आफ्नो कार्यालयका सूचना तथा जानकारी सेवाग्राही तथा स्थानीय जनता सामु छिटो र सजिलो तरिकाले उपलब्ध गराउने उदेश्यले Mobile App संचालन गरेको छ । Mobile App डाउनलोड गर्न र एपमा भएका सम्पूर्ण विशेषताहरु प्रयोग गर्नुहुन सम्पूर्ण सेवाग्राही तथा स्थानीय जनताहरुमा अनुरोध छ ।

### कसरी Download गर्ने Mobile Application ?

- Google Playstore मा गएर Jhimruk Rural Municipality खोजी गर्नुस वा www.jhimrukmun.gov.np/Mobile-App बाट सोझै गर्नुहोस ।

### केके गर्न सकिन्छ त Mobile Application बाट ?

- सम्पूर्ण सूचना हेर्न सकिने,
- प्रत्येक वडा कर्यालयलाई समेत तोकी सुझाब तथा गुनासो दिन सकिने छ ,
- गाउँपालिका तथा वडाबाट प्रदान गरिने सेवा तथा सुबिधा हेर्न सकिने छ,
- वडा कार्यालयको विवरण हेर्न सकिने छ,
- वडा अनुसार समस्या दर्ता गर्न सकिनेछ,
- महत्वपूर्ण स्थान जस्तै पर्यटकीय स्थल, अस्पताल,शैक्षिक संस्था, होटल, वैंक, प्रशासनिक क्षेत्र आदिलाई सिधै गूगल म्यापबाट पत्ता लगाउन सकिनेछ ,
- आपतकालीन नं.(अस्पताल, मालपोत, प्रहरी कार्यालय लगायतका अन्य महत्वपूर्ण कार्यालयको मोबाइल नं. सोझै हेर्न सकिने छ ,
- कार्यालयबाट पारित ऐन,नियम,कार्यविधि आदि हेर्न तथा Download गरी हेर्न समेत सकिने छ ।
- विभिन्न आर्थिक वर्षका बजेट तथा कार्यक्रम, रातो किताब,आय-व्ययको अनुमान, नीति तथा कार्यक्रम आदि सोझै हेर्न र Download गर्न सकिनेछ ।

### के फाइदा हुन्छ त Mobile एप Download गरेपछि ?

सूचना प्राप्त गरेको कुनै पनि व्यक्ति पछि हट्नु पर्दैन , हरेक महत्वपूर्ण कुरा समयमानै जानकारी भएमा अन्य महत्वपूर्ण काम वा अवसरबाट वन्चित हुनु पर्दैन, आफ्नो हक/हितको लागि आफैले बोल्न सक्ने वातावरण सृजना हुन्छ , समयको सही सदुपयोग हुन्छ । कुनै पनि सूचनाको जानकारी भएको अवस्थामा आवश्यकता अनुसार सल्लाह/सुझाब दिन र सुधारको अवसर प्रदान गर्न सकिन्छ । **झिमरुक गाउँपालिकामा हुने सम्पूर्ण सूचना लगायत अन्य कुरा सोझै Mobile App मा प्राप्त गर्न सकिने छ ।**

**माथिका यी कुरालाई मध्यनजर गर्दै यो यो सूचना प्रवाह गरिएको छ, आफू जानकारी लिन तथा अरुलाई जानकारी गराउनु हुन समेत अनुरोध गरिन्छ ।**

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत